११ औं बैठक

निर्णयहरु:-

१. प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतबाट अद्यावधिक प्रगति विवरण प्रस्तुत भई जानकारी भयो, प्रगति सन्तोषजनक देखियो । साथै, यो प्रक्रियालाई थप तीव्रता दिन प्रभावकारी ढंगले अगाडि बढाउन निर्देशन दिने ।

२. २०७३।०३।२८ को निर्देशक समितिको १०औं बैठकबाट निजी आवास निर्माणको लागि तोकिएको समय सीमामा बुँदा नं. २ को २०७३ पौष मसान्तभित्र सम्झौता गरी प्रथम किस्ता प्राप्त गर्ने लाभग्राहीले २०७४ पौष मसान्तसम्म दोस्रो किस्ता लिनुपर्ने समय सीमा तोकिएकोमा सो समय सीमा २०७४ चैत्र मसान्तसम्म तोक्ने र अन्य समय सीमा यथावत कार्यान्वयनमा लैजाने ।

३. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, परामर्श परिषद्को बैठक यथाशीघ्र बोलाउने प्रबन्ध मिलाउने ।

४. यकीन भएका स्थानान्तरण हुनुपर्ने वस्तीहरुको स्थानान्तरणको प्रक्रियालाई तीव्रताका साथ अगाडि बढाउने ।